# लेखापरीक्षण प्रतिवेदन
# पाँचथर
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट www.oagnep.gov.np मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | खानेपानी तथा सरसफाई डिभिजन | ३ |
| ३.२ | जिल्ला विकास समितिको कार्यालय | ५ |
| ३.३ | नयाँ शहर आयोजना | ८ |
| ३.४ | मालपोत कार्यालय | ९ |
| ३.५ | जिल्ला शिक्षा कार्यालय | ९ |
| ३.६ | सिंचाई विकास डिभिजन | १० |
| ३.७ | जिल्ला स्वास्थ्य कार्यालय | ११ |
| ४ | आन्तरिक लेखापरीक्षण | १२ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | १३ |
| अनुसूची २ : | बेरुजूको स्थिति | १४ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | १५ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | १६ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ९ कार्यालयको विस्तृत र २८ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण:** यस जिल्ला स्थित ३७ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.३ अर्ब १७ करोड ३५ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष ९ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ६८ र रु १२ करोड ७१ लाख ६८ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म बेरुजू फछ्र्यौट हुने प्रमाण सहितको प्रतिक्रिया प्राप्त भएन । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका १५ दफा मिलान गरी बाँकी दफा ५३ कायम गरिएको छ । लेखापरीक्षणको क्रममा रु ३८ हजार असुल भएको छ ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. १ करोड ५ लाख १६ हजार, अनियमित रु.७ करोड ३४ लाख २० हजार र पेश्की रु.४ करोड ३२ लाख ३२ हजार रहेको छ । यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव:** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## खानेपानी तथा सरसफाई डिभिजन

१ **अख्तियारी-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा खानेपानी तथा सरसफाई डिभिजनले रु.१,९१,००,०००।०० को अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ।

२ **चौमासिक खर्चको स्थिति :** कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरणअनुसार विभिन्न शीर्षकमा भएको खर्च रु १०,८७,९१,५२०। मध्ये तेश्रो चौमासिकमा रु.७,८०,९६,५०२।०० (७१.७८ प्रतिशत) खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र रु.५,६३,१८,४१२।०० (५१.७७ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

३ **ठेक्का व्यवस्थापन :** फिदिम दोस्रो साना शहरी खानेपानी आयोजनामा बोलपत्रको माध्ययमबाट कार्यान्वयन गर्दा देखिएको व्यहोरा निम्न छन् ।

३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरीद संझौता बमोजिमको काम त्यस्तो संझौता अवधिभित्र पूरा गर्न नसकिने भएमा अधिकार प्राप्त अधिकारीले म्याद थप गर्न सक्ने उल्लेख छ । आयोजनाका ठेकेदारसंग १० जुन २०१२ मा भएको सम्झौता बमोजिम प्रथम चरणको काम २०७१/३/१६ सम्ममा सम्पन्न गरी सक्नु पर्नेमा सो समयमा नसकिएकोमा पटक पटक गरी अन्तिम पटक महानिर्देशक वाट २०७३।७।३० मा २५० दिन थप गरी सम्झौताको अवधि २०७३।२।४ सम्म पुर्‍याएको देखियो । म्याद थप गर्दा उपर्युक्त नियमको उपनियम २ मा उल्लेख भए अनुसार सम्वन्धित निर्माण व्यवसायीले सम्झौता वमोजिमको काम समयमानै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो भन्ने उल्लेख गरिएन भने संशोधित अवधि समेटिएको कार्य तालिका पेश गरेको पाइएन ।

३.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम आयेजनाका निर्माण व्यवसायी संग भएको शुरु सम्झौता रकम रु १५,१९,६९,५३१।८९ मा २०७१।७।१० मा सर्वेक्षण, डिजाइन, लागत अनुमान तयार गर्दा पूर्वानुमान गर्न सकिने केही क्रियाकलापहरु सम्बन्धित परामर्शदाताबाट बिस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमानमा समावेश नगरेको कारणबाट भेरिएसन १ जारी गर्नु परेको कारण उल्लेख गर्दै उक्त परामर्शदातालाई सचेत गराउनुको साथै आगामी कार्य सम्पादन मूल्यांकन गर्दा ध्यान दिने व्यहोरा सहित शुरु सम्झौताको ६.५७ प्रतिशत रु.९९,९१,७९५। को भेरिएसन का.मु. आयोजना निर्देशकबाट स्वीकृत भएको देखियो । २०७२।६।२४ मा महानिर्देशक वाट प्रथम भेरिएसन सहितको अंकमा रु १,२३,२५,६०४।३५ थपको दोश्रो भेरिएसन आदेश स्वीकृत भएको देखियो । यसरी दोश्रो भेरिएसन स्वीकृत हुँदा आयोजनाको कुल लागत रु १७,४२,८६,९३२।०८ पुगी कुल लागतमा १४.६९ प्रतिशत थप हुन गएको छ ।

पूर्वानुमान गर्न सकिने अवस्थालाई समयमै विचार नगरेको र सम्बन्धित परामर्शदातालाई समेत सचेत गराउने निर्णय भएतापनि सो समेत कार्यान्वयन भएको पाईएन । भेरिएसन स्विकृत गर्दा

नयाँ र पूराना आइटम छुट्टीने गरी लागत अनुमान बनाई रकम उल्लेख गरेको स्पष्ट विवरण समेत लेखापरीक्षणका क्रममा  पेश हुन आएन ।

३.३ सो ठेक्कामा खरिद सम्झौतामा मूल्य समायोजन गरी ठेकेदारलाई रु २५,९८,२५४।८१ को मुल्य समायोजन भुक्तानी दिइएको छ । ऐनको दफा ५५(२) ले खरिद संझौता प्राप्त गर्ने व्यक्तिको ढीलाईको कारणबाट संझौता बमोजिमको काम सो संझौतामा उल्लेखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ। निर्माण कार्यमा ढीलाई भएको अवस्थामा मुल्य समायोजन नियमानुसार नै भएको छ भनी एकिन गर्न सकिएन ।

४ **यासोक (सुख्खा क्षेत्र) खानेपानी आयोजना** : यस आयोजना निर्माणका लागि एक निर्माण व्यवसायी सँग रु.१७,३०,६५,६०८।०० मा २०७४।०९।१६ मा कार्यसम्पन्न गर्ने गरी २०७२।०९।१६ मा सम्झौता भई २०७२।११।०९ मा रु.१,५०,००,०००। पेश्की समेत लगेको देखियो । निर्माण व्यवसायीले २०७२।०९।२४ मा पिपलवोट –लोरिपा दोभानवाट निर्माण स्थलसम्म जाने बाटो नभएको व्यहोराको पत्र डिभिजनलाई लेखेको पाईयो । कार्यालयले खानेपानी आयोजनाको मुल लागत इस्टिमेटमा उक्त वाटो निर्माण गर्न छुट भएको भनी सो वाटोको विस्तृत सर्भे डिजाइन तथा लागत अनुमान इस्टिमेट गर्ने कार्यका लागि २०७२।१२।३० मा सिलवन्दी दर रेट माग गर्ने निर्णय गरियो । सोही अनुसार दर रेट पेश हुन आएका मध्ये सवै भन्दा घटी दर रेट पेश गर्ने एक परामर्शदाता छनौट भई २०७३।२।२७ मा सम्झौता तथा कार्यादेश दिएको पाइयो । सोही वमोजिम उक्त प्रा. लि. ले काम सम्पन्न गरी  उक्त सडकको निर्माण लागत ईस्टिमेट रु ६,५९,५८,५२०।३१ लाग्ने प्रतिवेदन पेश गरेको छ ।

आयोजनाको निर्माण स्थल सम्मजाने बाटो नभएको अवस्थामा त्यसलाई विचार नै नगरी खानेपानी आयोजनाको सम्झौता गरिएकोले ठेकेदारलाई समयमा काम सक्न वाध्य पार्न नसकिने अवस्था सृजना भएको, मोविलाईजेशन पेश्कीको रकम ठेकेदारले लामो समय सम्म अन्यत्र प्रयोग गर्न पाउने अवस्था रहेको , आयोजना समयमा नै सम्पन्न नभै लम्विनाले लागत वढ्ने र लाभग्राहीले समयमा नै खानेपानी पाउने सम्भावना न्यून देखियो ।

५ **खानेपानी पुर्नस्थापना आयोजना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(१) मा व्यवस्था भएबमोजिम नयाँ आर्थिक वर्ष सुरु भएपछि कार्यालय प्रमुखले नियम ३२ बमोजिम निकासा लिई बजेटको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नु पर्ने उल्लेख छ । यो वर्ष दुईवटा आयोजनामा रु. ८,७५,०००। वजेट विनियोजन भएकोमा रु. १०,२६,४०२। खर्च गरी वजेट भन्दा रु.१,५१,४०२। वढी खर्च भएको विवरण पेश गरेको छ । आयोजनाका लागि स्वीकृत बजेट भन्दा वढी खर्च भएको नियमानुसार मिल्दैन । यस सम्वन्धमा कार्यालयले पेश गरेको प्रतिकृयामा ती आयोजनामा यो वर्ष वजेटले तोके भन्दा वढी निकासा नदिएको तर वफर स्टकबाट पाइप तथा फिटिङ्गस छुट्टै दिएको कारण वढी देखिन गएको जवाफ पेश हुन आएको छ । अत कार्यालयले आगामी दिनमा नगदको अलवा जिन्सी सहयोग समेत समावेश गरी आयोजना लागत तयार गर्नु पर्ने देखिन्छ ।

६ **सर्वे डिजाईन तथा लागत अनुमान** : दुई  खानेपानी आयोजना सर्वे डिजाईन तथा ईष्टिमेट तयारीका लागि काठमाण्डौमा स्थित एक परामर्शदातासँग रु.९,११,३४५।०० मा २०७३।०३।१५ मा प्रतिवेदन पेश गर्ने गरी २०७२।११।१४ मा सम्झौता भएको थियो । परामर्शदाताबाट सम्झौता बमोजिमको प्रतिवेदन पेश नभएको अवस्थमा परामर्शदातालाई २०७३।०३।२१ मा रु.२,७१,६००।०० भुक्तानी भएको देखिन्छ । सम्झौता वमोजिम काम नभएको अवस्थालाई कार्यालयले एकिन हुने प्रमाण पेश गर्नु पर्दछ ।

७ **असम्बन्धित खर्च** : नेपाल सरकार मन्त्री स्तरको २०७०।१।१५ को निर्णयमा कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई आवाश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण खरिद जस्ता पूँजी निर्माण तथा सम्पति खरिद सम्वन्धि शीर्षकमा अनिवार्य रुपमा खर्च गर्ने उल्लेख छ। कार्यालयले यो वर्ष यासोक (सुख्खा क्षेत्र) खानेपानी आयोजनाको कन्टिन्जेन्सी वाहेकको लागत अनुमानमा नै दुई मोटरसाईकल प्रति मोटरसाइकल रु. २,००,१००।०० का दरले रु.४,००,२००।०० समावेश गरी आयोजनाको लागत तयार गरेको पाइयो। सम्पति खरिद लागत अनुमानमा राख्न नपाउने व्यवस्था रहेकोमा राखी लागत अनुमान तयार गरेको नियमानुसार भएको पाईएन ।

८ **पेश्की फछ्र्योट** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्याद भित्र पेश्की फछ्र्येट गर्नु पर्नेमा यासोक सुख्खा क्षेत्र खानेपानी आयोजनाका निर्माण व्यवसायीले लिएको रु १,५०,००,०००।०० पेश्की फछ्र्योट गरेको छैन ।

## जिल्ला विकास समितिको कार्यालय

१ **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ (क) मा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा लेखापरीक्षण गर्नुपर्ने उल्लेख भएकोमा चौमासिक रुपमा लेखापरीक्षण गर्ने गरेको देखियो। स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०६९ को ३४(१) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण परिषद्मा छलफल गराइ मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ। यस कार्यालयबाट सो अनुरुपको अनुगमन तथा प्रगति प्रतिवेदन परिषद्मा छलफल गराएको देखिएन। सो नियमावलीको नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको माल सामान निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र मर्मत संभार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्थापन गरी ३ महिना भित्र गरिसक्नुपर्ने व्यवस्था छ। कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा चालु हालतमा नरहेका र मर्मत र लिलाम गर्नु पर्ने भनी औंल्याएकोमा कारवाही भएको पाईएन। प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ।

२ **आर्थिक विवरण** : स्थानीय विकाय आर्थिक प्रशासन नियमावली , २०६४ को नियम ६०(१) मा जिल्ला विकास समितिले राख्नुपर्ने स्रेस्ताको ढाँचा तोकेको छ। तोकिएका ढाँचा मध्ये कार्यालयले मासिक वित्तीय प्रतिवेदन अनुसूची २६, वार्षिक आय–व्याय विवरण अनुसूची २७, आम्दानी खर्चको तुलनात्मक विवरण अनुसूची २८, सम्पत्ति विवरण अनुसूची ३१ र बैंक खाताको आम्दानी खर्चको मासिक विवरणका लागि अनुसूची ३३ प्रयोग गरेका पाइएन।

३ **चौमासिक खर्चको स्थिति** : कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरणअनुसार केन्द्रीय तर्फका ८ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु. ७,५०,१३,८९६।०० मध्ये तेश्रो चौमासिकमा रु.६,८७,९३,६२७०० (९१.७१ प्रतिशत) खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र रु.२,९२,०१,३७१।०० (३८.९३ प्रतिशत) खर्च भएको छ। अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन,

सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४ **दरबन्दी र पदपूर्ति** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस जिल्ला विकास समितिको कार्यालयमा स्वीकृत दरबन्दी निजामती तर्फ ४२ र विकास तर्फ २५ जना गरी ६७ जना रहेकोमा निजामती तर्फ ४१ र विकास तर्फ १८ गरी ५९ पदपूर्ती भई दुवै तर्फ गरी ८ दरबन्दी रिक्त रहेको देखियो ।

५ **मुवाखोला पक्की सडक पुल** : यस पुल निर्माणका लागि एक जे.भीले २०७३।०९।३६ मा सम्पन्न गर्ने गरी मिति २०७२।०३।२० मा रु.१,६०,७७,८०८।३० मा सम्झौता गरेको थियो । सम्झौताको शर्त बमोजिम माइलस्टोन मा १५ प्रतिशत कार्य एकतिहाई समयमा सम्पन्न गर्नुपर्ने र सो अनुसार कार्य नगरेमा सम्झौता रकमको ०.००५ प्रतिशत प्रतिदिन लिक्विडेटेड ड्यामेज लगाउने उल्लेख छ । हालसम्म ठेक्काको पहिलो रनिङ्ग विल पेश भएकोमा काम सम्पन्न करिव १८ प्रतिशत मात्र छ । माइलस्टोन १ अनुसार १८० दिन ढीला गरी कार्य गरेको पाईएकोले सम्झौताको शर्त अनुसार रु १,४४,७००।०० लिक्विडेटेड ड्यामेज असुल गर्नुपर्ने देखिन्छ ।

६ **निर्वाचन क्षेत्र विकास कार्यक्रम** : निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली २०७१ को नियम ५ अनुसार आयोजना छनौट गर्दा एक आर्थिक वर्षमा बढीमा १० वटा कार्यक्रम छनौट गर्न सक्ने व्यवस्था रहेकोमा २ निर्वाचन क्षेत्रमा १५/१५ आयोजना छनौट गरेको पाईयो । यसरी नियमावलीमा तोकेभन्दा बढी आयोजना छनौट गर्ने परिपाटीमा सुधार गर्नुपर्ने देखिन्छ ।

७ **फिदिम रानी गाउँ यासोक सडक मर्मत** : ठेक्का सम्झौता पत्रको बुँदा नं ११ मा “दोस्रो पक्ष, निर्माण व्यवसायीले कार्य सम्पन्न भएपछि सम्बन्धित क्षेत्रका उपभोक्ताहरुको सार्वजनिक परीक्षण गराई सो को प्रतिलिपि सार्थ होर्डिङ्ग बोर्ड र मर्मत कार्य भएको स्थानको तस्विर समेत पेश गरी भुक्तानी माग गर्नुपर्दछ” भन्ने उल्लेख भएकोमा सो अनुसारको कार्य नभएकोमा पहिलो रनिङ्ग विलवाट रु. ५,६०,६१६।०० र अन्तिम रनिङ्ग विलवाट रु.८,७१,०४५।०० गरी रु.१४,३१,६६१।०० भुक्तानी भएको छ ।

८ **जिम्मेवारी भिडान** : एक गा.वि.स.को चालू वर्षको आर्थिक विवरण गत वर्षको आर्थिक विवरण सँग भिडान गर्दा कर्मचारी कल्याण कोष तर्फको जिम्मेवारी आ.व. २०७१।७२ मा रु.९०,८८०।०० भएपनि २०७२।७३ मा रु.१,११,८२३।०० जिम्मेवारी सारेको देखिन्छ । जिम्मेवारी भिडान नहुँदा आर्थिक विवरणले यथार्थ अवस्था चित्रण गर्दैन ।

९ **भुक्तानीमा कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८९ वमोजिम भाडा भुक्तानी गर्दा भुक्तानी रकमको १० प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षणका लागि छनौट गरिएका केही आयोजनाहरु मध्ये तीनवटा आयोजनाले मेशिन भाडा भुक्तानी गर्दा कुल भुक्तानी रकममा भाडा कर कट्टी नगरी घटी कर कट्टी गरेको रु. ९७,४४३।०० सम्वन्धितवाट असुल गर्नु पर्दछ ।

१० **तमोर खोला ठेक्का** : तमोर खोलामा ढुंगा, गिटी, वालुवा आदि उत्खनन गरी विकी कार्यका लागि एक निर्माण सेवा संग २०७२।५।२१ मा मू.अ.कर समेत रु १४८३६९०।०० मा तिन किस्तमा बुझाउने गरी सम्झौता भएकोमा २०७२।५।२१ मा मू.अ.कर रु १७०६९०।०० तथा पहिलो किस्ताको रु ५२५०००।०० दाखिला गरकामा ततपश्चातका पौषमा बुझाउनु पर्ने दोश्रो किस्ताको रु ३९३९००।०० र चैत्रमा बुझाउनु पर्ने तेश्रो किस्ताको रु ३९३९००।०० समयमा दाखिला गरेको

देखिएन । कार्यालयले निर्माण सेवावाट कार्यसम्पादन वापत कृषि विकास वैक, फिदिम शाखाको २०७२।५।२१ रु ६६,०००।०० वरावर मात्रको कार्यसम्पादन जमानत मिति २०७३ आषाढ मसान्त अवधिको लिएको पाइयो । ठेकेदारले समयमा किस्ता नवुझाएको अवस्थामा जमानतको म्याद गुज्रनु अगावै वैकमा दावी गरको पाइएन । हाल सम्म पनि ठेकेदार वाट असुल नभएको उपर्युक्त दुवै किस्ताको रु ७,८७,८००।०० मा व्याज समेत हिसाव गरी असुल गर्नु पर्दछ ।

११ **हेवा खोला ठेक्का** : यस खोलामा ढुंगा, गिटी, वालुवा आदि लगायत उत्खनन गरी विक्री कार्यका लागि एक निर्माण व्यवसायी संग २०७२।५।२४ मा मू.अ.कर समेत रु ३,८२,५००।०० मा तिन किस्तमा बुझाउने गरी सम्झौता भएकोमा २०७२।५।२५ मा मू.अ.कर रु ३२,५००।०० तथा पहिलो किस्ताको रु १,००,०००।०० दाखिला गरकोमा ततपश्चातका पौषमा बुझाउनु पर्ने दोश्रो किस्ताको रु ७५,०००।०० र चैत्रमा बुझाउनु पर्ने तेश्रो किस्ताको रु ७५,०००।०० समयमा दाखिला गरेको देखिएन । कार्यालयले ठेकेदारवाट कार्यसम्पादन वापत कृषि विकास वैक, फिदिमको २०७२।५।२२ मा रु।२५,०००।०० वरावर मात्रको २०७२।११।२१ मा म्याद गुज्रने कार्यसम्पादन जमानत लिएको पाइयो । ठेकेदारले समयमा किस्ता नवुझाएको अवस्थामा जमानतको म्याद गुज्रनु अगावै वैक जमानत दावी गरको पाइएन । हाल सम्म पनि ठेकेदार वाट असुल नभएका उपर्युक्त दुवै किस्ताको रु १,५०,०००।०० मा व्याज समेत हिसाव गरी असुल गर्नु पर्दछ ।

१२ **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी पेश्की फछ्यौंट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न ५ संघ संस्था र व्यक्तिहरुलाई विभिन्न बजेट शीर्षकका कार्यक्रमहरु दिएको पेश्की रु. १,६३,७२,०००।०० आर्थिक वर्षको अन्त सम्ममा पनि फछ्र्योट भएको पाईएन । नियमानुसार पेश्की फछ्र्योट गर्नु पर्दछ ।

१३ **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम स्थानीय निकायको आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण सम्बन्धमा देहायबमोजिम देखिएको छ :

- प्राप्त विवरण अनुसार लेखापरीक्षण गर्नुपर्ने १ नगरपालिका र ३८ गाउँ विकास समितिका लागि लेखापरीक्षक नियुक्त भइसकेको देखिन्छ । लेखापरीक्षक नियुक्त भएकामध्ये १५ गाउँ विकास समितिको लेखापरीक्षण प्रतिवेदन प्राप्त भइसकेको देखिन्छ ।
- नगरपालिकाको लेखापरीक्षण गर्न २०७३।०९।२० मा लेखापरीक्षक नियुक्त गरी २०७३।११।१२ सम्म प्रतिवेदन पेश गर्ने समय दिएको पाइयो ।
- गाउँ विकास समितिको लेखापरीक्षण गर्न २०७३।०७।२९ मा लेखापरीक्षक नियुक्त गरी २०७३।०९।३० सम्म प्रतिवेदन पेश गर्ने समय दिएको पाइयो ।
- गाउँ विकास समितिको लेखापरीक्षणबाट १५ निकायको आर्थिक कारोबार रु ८,९२,३७,०६६।०० को लेखापरीक्षण सम्पन्न भएको छ ।
- १२ गा.वि.स.को लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु ४१,३१०।०० र अनियमित भएको रु २,५२,८००।०० समेत जम्मा रु२,९४,११०।०० बेरुजू कायम गरेको छ ।
- नगरपालिका र गाउँ विकास समितिको लेखापरीक्षक नियुक्त गर्ने समय निर्धारण गर्ने मापदण्ड स्वीकृत गरेको पाईयो ।

## नयाँ शहर आयोजना

१ **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा विभागले रु.६२,३७,०००।०० को अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ

२ **चौमासिक खर्चको स्थिति** : कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार ३४७३५८४ शीर्षकमा भएको खर्च रु २,८१,५८,०००।०० प्रथम चौमासिकम शुन्य, दोश्रो चौमासिकमा रु.७,०३,०००।०० (२.५० प्रतिशत) तेश्रो चौमासिकमा रु.२,७४,५६,०००।०० (९७.५० प्रतिशत) खर्च भएको छ । आषाढ महिनामा मात्र रु.१,९७,७४,०००।०० (७०.२३ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्ध रुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३ **स्वीकृत दरवन्दी र पदपूर्ति** : लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार कार्यालयमा ११ कर्मचारीहरुको स्वीकृत दरवन्दी रहेकोमा ५ पदपूर्ति भई ६ पद रिक्त रहेको पाइयो । दरवन्दी अनुसारको पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्न सम्वन्धीत निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

४ **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० को उपनियम ७ वमोजिम कन्टिन्जेन्सी वापत लागत अनुमानमा ५ प्रतिशत सम्म खर्च गर्न पाउने व्यवस्था रहेकोमा आयोजनाले यो वर्ष ५.५ प्रतिशत खर्च गरी रु.१,३७,९२७।०० नियमानुसार भन्दा वढी खर्च गरेको पाइयो । नेपाल सरकार (अर्थमन्त्री स्तरको) २०७०।१।१५ को निर्णयमा कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई आवाश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण खरिद जस्ता पूँजी निर्माण तथा सम्पति खरिद सम्वन्धि शीर्षकमा अनिवार्य रुपमा खर्च गर्नु पर्ने उल्लेख भएकोमा यो वर्ष खर्च गरेको रु १२,४१,२८०।०० पुरै प्रशासनिक कियाकलापमा खर्च गरेको छ । नियमानुसार पूँजीगत कियाकलापमा खर्च गर्नु पर्ने रु २,७५,८५५। सो अनुरुप खर्च भएको पाईएन ।

५ **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्याद भित्र पेश्की फछ्र्येट गर्नु पर्नेमा ६ संस्थाले लिएको पेश्की रु २७,५७,६२६।०० फछ्र्योट गरेको छैन ।

६ **असम्वन्धित खर्च** : नेपाल सरकार (मन्त्री स्तरको) २०७०।१।१५ को निर्णयमा कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई आवाश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण खरिद जस्ता पुँजी निर्माण तथा सम्पति खरिद सम्वन्धि शीर्षकमा अनिवार्य रुपमा खर्च गर्ने उल्लेख भएकोमा यो वर्ष ठेक्का सम्झौता भएको एक ठेककामा रु ७१,३७५।०० को प्रोजेक्टर र अर्को एक ठेक्कामा रु ४,७०,०००।०० को मोटरसाइकल लागत अनुमानमा नै समावेश गरी लागत अनुमान तयार गरेको नियमानुसार भएको पाईएन ।

## मालपोत कार्यालय

१ **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा विभागले रु.९०,०००।०० को अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

२ **चौमासिक खर्चको स्थिति** : कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार २ उपशीर्षकहरुमा भएको कूल पूँजिगत खर्च रु. ९९,९४,०००।०० मध्ये प्रथम चौमासिकमा रु.१३,०६,०००।०० (१३.१० प्रतिशत) दोश्रो चौमासिकमा रु.९०,०००।०० (९प्रतिशत) र तेश्रो चौमासिकमा रु.८४,९८,०००।०० (८५ प्रतिशत) खर्च भएको देखिन्छ। आषाढ महिनामा मात्र रु.५५,२४,०००।०० (५५.२७ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्ध रुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३ **लागत अनुमान तयार नगरेको** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्यको हकमा वाहेक एक लाख रुपैया भन्दा वढिको खरिद गर्दा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ । यो वर्ष बजेट उपशिर्षक ३३६०१३४ वाट खरिद गरेको रु ३,००,०००।०० र बजेट उपशिर्षक ३३६१०१४ वाट गरको खरिद रु.८,००,०००।०० को लागत अनुमान वनाएको पाइएन ।

४ **स्वीकृत दरवन्दी र पदपूर्ति** : कार्यालयले आफूनो स्वीकृत दरबन्दी अनुसारका पदहरु यथासमयमा पूर्ति गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउनुपर्छ। कार्यालयमा २१ कर्मचारीहरुको स्वीकृत दरवन्दी रहेकोमा १६ पदपूर्ति भई ५ पद रिक्त रहेको पाइयो । दरवन्दी अनुसारको पदपूर्ति गरी जनशक्ति व्यवस्थापन गर्न सम्वन्धीत निकायले ध्यान दिनु पर्ने देखिन्छ ।

५ **धरौटी तर्फ** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ ले कार्यालयमा प्राप्त हुन आएको राजस्व वा अन्य कुनै पनि रकम प्राप्त हुन साथ वैक दाखिला गर्नु पर्ने व्यवस्था छ। कार्यालयमा एक सेवाग्राहीले थैली वापतको रु १०,००,०००।०० तथा सोको रजिस्ट्रेशन दस्तुर रु ४०,०००।०० धरौटीमा जम्मा गरिदिनु भनी २०७२।१०।१४ मा नगदै जम्मा गर्न ल्याएकोमा कार्यालयले २०७२।११।२ मा मात्र बैक जम्मा गरेको देखियो । नगद नै वुझेको अवस्था भएमा तुरुन्त बैक दाखिला गर्नु पर्नेमा सो गरेको देखिएन। कार्यालयले ऐन र नियमावलीको व्यवस्था पालनामा ध्यान दिएको पाइएन । यसमा सुधारका हुनु पर्ने देखिन्छ ।

## जिल्ला शिक्षा कार्यालय

१ **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा विभागले रु.१५ लाखको अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ। समयमा अख्तियारी नपठाउँदा समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ।

२ **चौमासिक खर्चको स्थिति** : कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरणअनुसार रु.४,८०,९००।०० सवै तेश्रो चौमासिकमा खर्च भएको छ। आषाढ

महिनामा मात्र रु.५,६३,१८,४१२।०० (५१.७७ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुग मन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३ **कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने :** कार्यकम कार्यान्वयन पुस्तिका २०७२।७३ को अनुसूची २(घ) ले कार्य सम्पन्न प्रतिवेदनको ढाँचा तोकेको छ । कार्यालयले यस आ.ब. मा विद्यालय भवन तथा विभिन्न भौतिक निर्माणका लागि रकम निकासा गरेको मध्ये केही विद्यालयहरुको रु. ७,०१,५०,०००।०० को कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन ।

४ **फ्ल्यास रिपोर्ट :** जिल्ला शिक्षा कार्यालयले तोकिएको ढाँचामा फ्ल्यास रिपोर्ट तयार गरी सोही आधारमा पि.सि.एफ स्यालरी, पि.सि.एफ. नन् स्यालरी , छात्रा छात्रवृत्ति ,प्रोत्साहन भत्ता आदि वितरण गर्नुपर्नेमा फ्ल्यास रिपोर्ट यथार्थ नभएको कारण देखाई सम्बन्धित विद्यालयबाट विद्यार्थीको संख्या माग गरी त्यसकै आधारमा पि.सि.एफ स्यालरीमा रु.३,६२,४३२।०० छात्रा छात्रवृत्तिमा रु. २०,२४,०००।०० शैक्षिक सामाग्री व्यवस्थापनमा रु ३१,७७,७८५।०० र निशुल्क पाठ्यपुस्तकमा रु ३५,८२,९८१।०० वढी निकासा दिएको असूल गर्नुपर्दछ ।

५ **बढी निकासा :** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा व्यवस्था भए बमोजिम शिक्षकलाई तलब निकासा दिने कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र सो अनुसार बढी निकासा भएमा उक्त रकम सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिने व्यवस्था छ । लेखापरीक्षणका क्रममा केही विद्यालयको निकासा छनौट गरी हेर्दा दुई विधालयका दुई शिक्षकलाई रु. १,११,००८।०० वढी निकासा दिएको सम्बन्धितवाट असुल गर्नुपर्दछ ।

६ **भ्रमण खर्च** : भ्रमण खर्च नियमावाली, २०६४ को नियम १८ मा भ्रमणमा खटिएका कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने भ्रमण खर्चको बिल भर्पाई सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेमा कार्यालयका एक कर्मचारी सरुवा भई काठमाण्डौ जाँदाको प्लेन यात्राको वोर्डिङ पास संलग्न नभएकोमा वोर्डिङ पास वेगर भुक्तानी दिएको प्लेन भाडा रु ७,९१०।०० निज वाट असुल गर्नुपर्दछ ।

## सिचाई विकास डिभिजन

१ **अख्तियारी-** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) वमोजिम स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी समयमै पठाउनुपर्नेमा विभागले रु.७६,२५,०००।०० को अख्तियारी २०७३ असारमा पठाएको देखिन्छ । समयमा अख्तियारी नपठाउँदा तोकिएको समयमा कार्यक्रम सञ्चालन नहुने तथा सेवा प्रवाहमा असर पर्ने हुँदा विभागसँग समन्वय गरी समयमै अख्तियारी प्राप्त गर्नुपर्दछ ।

२ **चौमासिक खर्चको स्थिति :** : कार्यालयको नीति र कार्यक्रम बमोजिम समयवद्धरुपमा काम सम्पन्न गर्नुपर्नेमा प्राप्त विवरण अनुसार चारवटा शीर्षकमा भएको खर्च रु ४,१९,२८,८८४।१५ मध्ये तेश्रो चौमासिकमा रु ३,७२,०६,५८१।१५ (८८.७४ प्रतिशत) खर्च भएको छ । आषाढ महिनामा मात्र रु.२,५९,२०,०३०।०६ (६१.८२ प्रतिशत) खर्च भएको छ । अन्तिम चौमासिक र आषाढ महिनामा ठूलो रकम खर्च गर्दा कामको चापको कारणले पर्याप्त अनुगमन, सुपरीवेक्षण गर्न नसकी कामको गुणस्तरमा समेत असर पर्न नदिन योजनावद्धरुपमा समयमै कार्यक्रम सन्चालन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३ **भ्रमण खर्च** : भ्रमण खर्च नियमावाली, २०६४ को नियम १८ मा भ्रमणमा खटिएका कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने भ्रमण खर्चको बिल भर्पाई सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेमा कार्यालयका एक कर्मचारी सरुवा भई जाँदाको प्लेन यात्राको वोर्डिङ पास संलग्न नभएकोमा वोर्डिङ पास वेगर तिन जनालाई भुक्तानी दिएको प्लेन भाडा रु २७,४९५।०० निज वाट असुल गर्नुपर्दछ ।

४ **प्रमाण वेगर भुक्तानी** : कार्यालय र सामुदायिक डांडाकुलो सिचांई योजना उपभोक्ता समिति वीच सो योजनाको मर्मत गर्न २०७२।१०।२५ मा रु १,८९,९५४।३६ मा सम्झौता भएकोमा काम सम्पन्न नगरी अधुरो कामको भुक्तानी माग गरेकोमा २०७३।१।१४ मा रु १,०९,२३९।७० भुक्तानी दिएको देखियो । उपभोक्ता समितिले सम्झौता अनुसार काम गर्न नसक्नुको कारण खुलाई गरेको निर्णय, कार्यालयको ठहर तथा सम्झौता वमोजिम भुक्तानी वरावर काम भएको एकिन हुने प्रमाण वेगर भुक्तानी दिएको पाइयो ।

५ **कन्टिन्जेन्सी खर्च** : नेपाल सरकार (अर्थमन्त्री स्तरको) २०७०।१।१५ को निर्णयमा कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम अर्थ मन्त्रालयको सैद्धान्तिक सहमति लिई आवाश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण खरिद जस्ता पूँजी निर्माण तथा सम्पति खरिद सम्वन्धि शीर्षकमा अनिवार्य रुपमा खर्च गर्नु पर्ने उल्लेख भएकोमा यो वर्षको पुंजीगत खर्च रु ५,७६,३८,८८४।१५ को ५ प्रतिशतले हुने रु २८,८१,९९४।२० सम्म खर्च गर्न पाउनेमा सो भन्दा कम रु १८,०१,२४६।१८ खर्च गरेको भएता पनि सो पूरै प्रशासनिक क्रियाकलापमा खर्च गरेको पाईयो । यो वर्षको खर्च मध्ये रु ११,५२,७७७८।०० पूँजीगतमा खर्च गर्नु पर्नेमा गरेको पाईएन ।

६ **पेश्की:** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्याद भित्र पेश्की फछर्यट गर्नु पर्नेमा दुई संस्थाले लिएको पेश्की रु ३०,५०,०००।०० फछर्योट गरेको छैन ।

७ **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार जिन्सी सामानहरुको निरीक्षण गरी त्यसमा औल्याएका विषयहरुमा कारवाही समेत गरी जिन्सी सामानहरु दुरुस्त राख्नु पर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा विभिन्न ७७ थान जिन्सी सामान मर्मत गर्नु पर्ने , विभिन्न ७० थान सामान धुल्याउनु पर्ने तथा विभिन्न ६५ थान सामान लिलाम गर्नु पर्ने भनी प्रतिवेदन पेश गरेकोमा केही सामानको मर्मत गरेको भएता पनि प्रतिवेदन अनुसारको कारवाही भएको पाइएन ।

## जिल्ला स्वास्थ्य कार्यालय

१ **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम लगत खडा गरी राखिएका सरकारी जिन्सी मालसामानको हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको संभार गरी वा चालु अवस्थामा राख्नु पर्नैमा प्रभावकारी रुपमा नराखेको, मर्मत गर्नुपर्ने, काम नलाग्ने भनिएका जिन्सीमा कारवाही भएको देखिएन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२ **पारिश्रमिक कर कट्टी** : आयकर ऐन, २०५८ को ८ मा व्यवस्था भए वमोजिम पारिश्रमिक आयमा कर कट्टी गर्नु पर्दछ । कार्यालयले केही कर्मचारीहरुको पारिश्रमिक आयकर गणना गर्दा कम कर कट्टी गरेको पाईएकोले रु ४०,७७९।०० असुल हुनुपर्दछ ।

३ **खरिद :** सार्वजनिक खरिद ऐन, २०६४ को दफा १२ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ बमोजिम जिल्ला स्वास्थ्य कार्यालयले न्यानो झोला खरिदका लागि बोलपत्रदाताको केही आधार तोकेकोमा बोलपत्रदाताले सरकारी निकाय वा प्राईभेट संस्थाहरुमा विगत ३ वर्ष भित्र न्यानो झोलाको आपूर्ति गरेको विशेष अनुभव हुनुपर्ने, विगत ३ वर्षभित्र बोलपत्रदाताले कम्तीमा पनि रु.१५,००,०००।०० बराबर करार भएको एउटै ठेक्का अन्तर्गत न्यानो झोलाको आपूर्ति गरेको हुनुपर्ने, विगत ३ वर्षभित्रको वार्षिक सालाखाला (औसत) कारोवार कम्तीमा रु.३०,००,०००।०० हुनुपर्ने, विगत ३ वर्षको लेखापरीक्षण गरिएको लेखापरीक्षण प्रतिवेदन वा वासलात बोलपत्रमा समावेश भएको हुनु पर्ने उल्लेखित योग्यताका आधारहरु पुरा नगरेको एक उद्योगसँग २०७२।१२।१८ मा रु.१२,३५,१९०।०० मा खरिद सम्झौता गरी न्यानो झोला खरिद गरेको पाईयो । यस ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिमका योग्यताको आधार पुरा नगरेको फर्मसँग खरिद गरेको नियम सम्मत देखिएन ।

४ **औषधि भण्डार परीक्षण :** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका २०७१/०७२ बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निः शुल्क वितरण गर्ने औषधि तथा सर्जिकल सामान हरु मध्ये बढि खपत हुने ७ प्रकारका औषधि तथा सर्जिकल सामानहरु मध्ये ५ मा खुलाएको तथा २ मा खुलाएको पाइएन । सवै औषधी तथा सर्जिकल सामानहरुमा तोकिए बमोजिमको निशुल्क लोगो अनिवार्य रुपमा लगाउनुपर्ने देखिन्छ ।

५ **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ४५ (ख) ले प्रमाण पुऱ्याएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था गरेकोमा ओ. ई. सि. डि. कार्यक्रम अन्तर्गत औषधी ढुवानी भाडामा रु. २,३०६।०० प्रमाण वेगर भुक्तानी दिएको असुल गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला स्थित ३७ कार्यालय मध्ये ३४ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार १७ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २८ मध्ये निम्न २ कार्यालयको रु.६०,५१,७१४।- बेरुजू बाकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | दफा | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | १ | मोविलाईजेशन पेश्की - एक कन्सट्रक्सन | २६,५१,७१४।- |
| २ | जिल्ला पशु सेवा कार्यालय | १ | मोविलाईजेशन-पेश्की एक निर्माण सेवा प्रा लि | ३४,००,०००।- |
| | | २ | भ्रमण अभिलेख नराखी खर्च लेखेको | सैद्धान्तिक |
| | | | **जम्मा** | **६०,५१,७१४।-** |

(जीवन प्रसाद सुवेदी)
नायब महामलेखापरीक्षक

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु.लाखमा)

| सि.न | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | जम्मा लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | अस्पताल विकास समिति | - | - | - | ९३ | ९३ |
| २. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ११४६ | ०.९ | ४२ | २७ | १२१५.९ |
| ३. | जिल्ला विकास समितिको कार्यालय | - | - | - | ८७५३ | ८७५३ |
| ४. | नयाँ शहर आयोजना कार्यालय | २९७ | ५ | ६ | - | ३०८ |
| ५. | मालपोत कार्यालय | १५६ | १४० | ५७ | २५४ | ६०७ |
| ६. | सिंचाई विकास डिभिजन कार्यालय | ६१४ | २ | १०६ | - | ७२२ |
| ७. | जिल्ला स्वास्थ्य कार्यालय | १३९३ | ८ | ४ | १२० | १५२५ |
| ८. | स्थानिय विकास कोषको सचिवालय | - | - | - | २३ | २३ |
| ९. | जिल्ला शिक्षा कार्यालय | ९१९४ | ९१ | - | ३६ | ९३२१ |
| | जम्मा | १२८०० | २४६.९ | २१५ | ९३०६ | २२५६७.९० |

## लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु.लाखमा)

| सि.न. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | जम्मा लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला अदालत | १४९ | २० | ६९ | - | २३८ |
| २. | जिल्ला निर्वाचन कार्यालय | ४३ | ०.०३ | - | - | ४३.०३ |
| ३. | जिल्ला सरकारी वकिल कार्यालय | २७ | - | - | - | २७ |
| ४. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६३ | ६५७ | ०.७ | ०.८ | ७२१.५ |
| ५. | घरेलु तथा साना उद्योग विकास समिति | ५१ | १५ | ६ | - | ७२ |
| ६. | जिल्ला कृषि विकास कार्यालय | ४३९ | ०.९ | ३ | २ | ४४४.९ |
| ७. | जिल्ला पशुसेवा कार्यालय | २७२ | १० | २ | १० | २९४ |
| ८. | चिया विस्तार आयोजना | २५ | ०.०५ | - | - | २५.०५ |
| ९. | जिल्ला प्रशासन कार्यालय | ९६ | २९८ | १८ | २१ | ४३३ |
| १०. | जिल्ला प्रहरी कार्यालय | १३४२ | २१ | २२ | ४६ | १४३१ |
| ११. | शसस्त्र प्रहरी वल हिम शिखर गुल्म | ७०४ | - | १३ | - | ७१७ |
| १२. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५० | - | - | - | ५० |
| १३. | सिमा प्रशासन कार्याय | १७ | - | - | - | १७ |
| १४. | कारागार कार्यालय | ७४ | - | २ | ५ | ८१ |
| १५. | ईलाका प्रहरी कार्यालय ,रवि | २५ | - | - | - | २५ |
| १६. | ईलाका प्रशासन कार्यालय | १० | - | - | - | १० |
| १७. | जिल्ला वन कार्यालय | २६५ | ९७ | १८ | ६३ | ४४३ |
| १८. | जिल्ला भू-संरक्षण कार्यालय | १२४ | ०.०२ | | - | १२४.०२ |
| १९. | नापी कार्यालय | ५३ | ७ | | २ | ६२ |
| २०. | यान्त्रिक कार्यालय | ३३ | ०.०३ | ०.२५ | ३ | ३६.२८ |
| २१. | महिला तथा बालबालिका कार्यालय | १३५ | - | - | १७ | १५२ |
| २२ | भैरवी दल गण | २२९७ | २ | ३१ | १ | २३३१ |
| २३. | स्थानिय शान्ति समितिको कार्यालय | १५ | - | - | - | १५ |
| २४. | जिल्ला हुलाक कार्यालय | ३६५ | १७ | ७ | - | ३८९ |
| २५. | जिल्ला प्राविधिक कार्यालय | १८३ | २ | ८ | - | १९३ |
| २६. | जिल्ला आयोजना कार्यालय | ६३६ | - | ३१ | - | ६६७ |
| २७. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ७८ | - | ०.४ | - | ७८.४ |
| २८. | जिल्ला तथ्याङ्क कार्यालय | ४७ | ०.०६ | - | - | ४७.०६ |
| | जम्मा : | ७६१८ | ११४७.०९ | २३१.३५ | १७०.८ | ९१६७.२४ |
| | कुल जम्मा | २०४१८ | १३९३.९९ | ४४६.३५ | ९४७६.८ | ३१७३५.१४ |

अनुसूची २

## बेरुजुको स्थिति

(रु. हजारमा)

| सि.नं | कार्यालयको नाम | सूरु बेरुजु | | समायोजनबाट मिलान | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रियाबाट | जम्मा |
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ९ | १५२७२ | १ | – | ८ | – | २७२ | १५००० | १५२७२ | – | – | – |
| २ | जिल्ला विकास समिति | १५ | १८९८३ | २ | – | १३ | ११८० | १४३१ | १६३७२ | १८९८३ | – | – | – |
| ३ | नयाँ शहर आयोजना कार्यालय | ८ | ३१७२ | २ | – | ६ | – | ४१४ | २७५८ | ३१७२ | – | – | – |
| ४ | मालपोत कार्यालय | ७ | सैद्धन्तिक | २ | – | ५ | – | – | – | – | ७ | – | ७ |
| ५ | जिल्ला शिक्षा कार्यालय | ८ | ७९४१६ | २ | – | ६ | ९२६६ | ७०१५० | | ७९४१६ | १३ | – | १३ |
| ६ | सिंचाई विकास डिभिजन | ८ | ४२३० | १ | – | ७ | २७ | ११५३ | ३०५० | ४२३० | – | – | |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | ९ | ४३ | ४ | – | ५ | ४३ | – | – | ४३ | १८ | – | १८ |
| ८ | जिल्ला प्रहरी कार्यालय | २ | २६५२ | १ | – | १ | – | – | २६५२ | २६५२ | – | – | – |
| ९ | जिल्ला पशुसेवा कार्यालय | २ | ३४०० | | – | २ | – | – | ३४०० | ३४०० | – | – | – |
| | **जम्मा :** | **६८** | **१२७१६८** | **१५** | – | **५३** | **१०५१६** | **७३४२०** | **४३२३२** | **१२७१६८** | **३८** | – | **३८** |

**द्रष्टव्य :** 
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

अनुसूची - ३

## जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय शिर्षक | यस वर्ष वास्तविक रकम रु. | व्यय शिर्षक | खर्च रकम |
|---|---|---|---|
| **क) शुरु मौज्दात रकम** | | **क) जि.वि.स.कोष तर्फ** | |
| १) जि.वि.स.कोष ग ४३१ | ७६९४१७८.८४ | १) चालु तर्फ | २१९०२१६.०० |
| २) जि.वि.स.कोष ग ४४१ | १९४३०१८.०४ | २) पूजीगत तर्फ | १३४८१०५४.०० |
| ३)कर्मचारी कल्याण कोष ग ५१२३ | ३७९५८०.०४ | **ख) नेपाल सरकारको अनुदान** | |
| ४) धरौटी ग ३१ | ३१२८६६७.०४ | ३) चालु अनुदान जि.वि.स. | २२२४९३३८.०० |
| ५) सिम एन.कोष ४१५१ | ३५९८३०.५१ | ४) पूजीगत अनुदान जि.वि.स. | १५२५३३७६.०० |
| ६) विशेष कोष स्थापना (छ) | २५७६४८४.०० | ५) चालु अनुदान गा.वि.स. | १६८४७०००.०० |
| ७) उन्नति समावेशी आर्थिक विकास का. | २००००००.०० | ६) पूजीगत अनुदान गा.वि.स. | ७२१९४०००.०० |
| ८) सडक बोर्ड | ६१४१६.०० | **ग) अन्य श्रोत तर्फ** | |
| **ख) आन्तरिक श्रोत तर्फ :** | | ७) उन्नति समावेशी आर्थिक विकास | १३८४६२६७.०० |
| **अनुदानबाट प्राप्त** | | ८) कर्मचारी कल्याण कोष | ९२६६७.०० |
| १) जि.वि.स.अनुदानचालु/पूजीगत | ३७५०२७१४.०० | ९) सडक बोर्ड | २१६१४१६.०० |
| २) गा.वि.स.अनुदान चालु/पूजीगत | ८९०४१०००.०० | १०) विशेष कोष | ७३६२००.०० |
| **आन्तरिक आम्दानीबाट प्राप्त** | | ११) सिमएन कोष | ३९९१२५.०० |
| ३) कर,दस्तुर,सेवा शुल्क,भाडा | ९५०७६०७.०० | १२) युनिसेफ कार्यक्रम | ४१४४५०.०० |
| ४) राजश्व बांडफांड | ६५३०४२५.०० | १३) गरीविनिवारण | ५९५०२.०० |
| **अन्य श्रोत तर्फ** | | १४) धरौटी | ४११०६७६.०० |
| ५) कर्मचारी कल्याण कोष | ७०००००.०० | **ड़) केन्द्रिय वजेटको खर्च** | |
| ६) सिम.एन.कोष | १०००००.०० | ग्रा.खा.पा.चालु | २५४१८७९.०० |
| ७) विशेष कोष | ११८०००००.०० | ग्रा.खा.पा.पूजीगत | ६४०४९०७.०० |
| ८) सडक बोर्ड | २१०००००.०० | स्थानीय निकाय वित्तिय आयोग | ३२७२००.०० |
| ५) धरौटी | ४५०३२३७.०० | बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | २०००००.०० |
| **वाह्य तर्फ :** | | उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | २३३३००.०० |
| १) युनिसेफ कार्यक्रम (सोझै निकासा) | ४१४४५०.०० | स्थानीय शान्ति समिति | ८२८४००.०० |
| द्द) उन्नति समावेशी आर्थिक विकास | २२५०००००.०० | रोयल्ट व्यवस्थानि तथा वितरण | २२५०००.०० |
| **केन्द्रिय वजेट तर्फ :** | | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | १७४२४०००.०० |
| ३) ग्रा.खा.पा.चालु | २५४१८७९.०० | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | २३३३३५२१.०० |
| ४) ग्रा.खा.पा.पूजीगत | ६४०४९०७.०० | साना सिचाई नदी नियन्त्रण | १००२९०५६.०० |
| ५) स्थानीय निकाय वित्तिय आयोग | ३२७२०००.०० | एल.जि.सी.डी.पी. | २१०६२७८४.०० |
| ६) बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | २०००००.०० | ज्येष्ठ नागरिक एकल महिला विधवा | ११५१६८०००.०० |
| ७) उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | २३३३००.०० | संष्कृति प्रवर्धन | २५०००००.०० |
| ८) स्थानीय शान्ति समिति | ८२८४००.०० | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने | ९५१००६७.०० |
| ९) रोयल्ट व्यवस्थानि तथा वितरण | २२५०००.०० | गरीवसंग विश्वेश्वर | १४७१९७३.०० |
| १०) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | १७४२४०००.०० | स्थानीय स्तरका सडक पुल | ३८१२३४५.०० |
| ११) स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | २३३३३५२१.०० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३९४८७६६९.०० |
| १२) साना सिचाई नदी नियन्त्रण | १००२९०५६.०० | बहुक्षेत्रिय पोषण कार्यक्रम | ७४८३६१६.०० |
| १३) एल.जि.सी.डी.पी. चालु | २१०६२७८४.०० | संचित विदा | ३२३८४०.०० |
| १४) ज्येष्ठ नागरिक एकल महिला विधवा | ११५१६८०००.०० | औषधि उपचार | ४३७१८४.०० |
| १५) संष्कृति प्रवर्धन | २५००००.०० | उर्जा तथा वातावरण शाखा | ९७७३२३९.०० |
| १६) आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने | ९५१००६७.०० | **छ) आगामी वर्षको लागि जिम्मेवारी** | |
| १७) गरीवसंग विश्वेश्वर | १४७१९७३.०० | क) आन्तरिक आय ग ४-३-१ | ९५११५६९.८४ |
| | १२००४२३२.०० | ख) राजश्व बाँडफाँड ग ४-४-१ | ४९२३८९.०४ |
| १८) स्थानीय स्तरका सडक पुल | ३८१२३४५.०० | ग) कर्मचारी कल्याण कोष ग ५-१-२३ | ९८६९१३.७१ |

| | | | |
|---|---|---|---|
| १९) निर्वाचन क्षेत्र विकास कार्यक्रम | ३९४८७६६९.०० | घ) धरौटी ग ३–१ | ३५२१२२८.०४ |
| २०)बहुक्षेत्रिय पोषण कार्यक्रम | ७४८३६१६.०० | ङ) सिम एन.कोष ४१५१ | ६०७०५.५१ |
| २१) संचित विदा | ३२३८४०.०० | च) विशेष कोष स्थापना ६ | २८२०२८४.०० |
| २२) औषधि उपचार | ४३७१८४.०० | छ) युनिसेफ फण्ड ग ४–५–१ | १०६५३७३३.०० |
| राष्ट्रिय युवा परिचालन | ००.०० | ज) गरीबी निवारण कार्यक्रम | १४०४९८.०० |
| आदिवासी जनजाती | ००.०० | झ) उर्जा तथा वातावरण शाखा | २२३०९९३.०० |
| **जम्मा** | **४६७०२८५८१.१४** | | **४६७०२८५८१.१४** |

अनुसूची - ४

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री निरन्जन खनाल | श्री शान्त बहादुर थापा |
| २ | जिल्ला विकास समिति | श्री कोमल प्रसाद धमला | श्री सुजेन हाङ लिम्बू |
| ३ | नयाँ शहर आयोजना | श्री ललित प्रसाद नेपाल | श्री पशुपति कट्टेल |
| ४ | मालपोत कार्यालय | श्री केशव प्रसाद न्यौपाने | श्री चत बहादुर मोक्तान |
| ५ | जिल्ला शिक्षा कार्यालय | श्री राजकुमार विश्वकर्मा | श्री कमल प्रसाद भट्टराई |
| ६ | सिँचाइ विकास डिभिजन कार्यालय | श्री मेखनाथ शर्मा | श्री ललिबुङ लामिछाने |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | श्री पवन कुमार शाह | श्री गोविन्द प्रसाद पौड्याल |
| ८ | जिल्ला प्रहरी कार्यालय | श्री नकुल पोखरेल | श्री समिर कुमार विष्ट |
| ९ | जिल्ला पशु सेवा कार्यालय | श्री भरत शाह | श्री सुवास निरौला |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np